# अन्तर सङ्गठन निर्देशन-१

**प्रिय कमरेडहरू,**

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), केन्द्रीय सङ्गठन विभागको प्रथम बैठक विभाग प्रमुख एवं महासचिव कमरेड डा. बेदुराम भुसालको अध्यक्षतामा यही २०७८ मंसिर २८ गते सम्पन्न भएको छ । केन्द्रीय सङ्गठन विभागको प्रथम बैठकले गरेका विभिन्न महत्वपूर्ण निर्णयहरूको आवश्यक जानकारी एवं कार्यान्वयन गर्न/गराउन यो अन्तर सङ्गठन निर्देशन-१ जारी गरिएको छ ।

## १. विभागको सचिव चयन सम्बन्धमा

केन्द्रीय सङ्गठन विभागको प्रथम बैठकले पार्टी केन्द्रीय कमिटी सदस्य तथा केन्द्रीय सङ्गठन विभाग सदस्य कमरेड लक्ष्मण के.सी.लाई विभागको सचिवमा सर्वसम्मतीले चयन गर्ने निर्णय गरको छ ।

## २. सङ्गठित सदस्यता अध्यावधिक गर्ने तथा अभिलेख राख्ने सम्बन्धमा

सङ्गठित सदस्यता अध्यावधिक गर्ने र अभिलेख राख्ने सम्बन्धमा निम्न निर्णय गरियो :

**क.** साविक सङ्गठित पार्टी सदस्यताको विवरण केन्द्रीय सङ्गठन विभागले यथाशीघ्र सबै जिल्ला कमिटीहरूलाई पठाइसक्ने र जिल्ला कमिटीहरूले माघ मसान्तभित्र साविकको सङ्गठित पार्टी सदस्यता अध्यावधिक गरी त्यसको विवरण सम्बन्धित प्रदेश कमिटीमार्फत केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

**ख.** पार्टी सदस्यता तथा सङ्गठित पार्टी सदस्यता वितरण र नवीकरण गर्न तथा सदस्यताको व्यवस्थित अभिलेख राख्न आधुनिक प्रविधिको प्रयोग गर्ने । त्यसका लागि **पार्टी सदस्यता तथा सङ्गठन व्यवस्थापन सफ्टवयर** बनाउने निर्णय गरिको छ । त्यस सफ्टवयरमा पछि आवश्यकता अनुसार फिचरहरू थप पनि गर्न सकिने छ । हाललाई तपशिल बमोजिमका फिचरहरू रहने छन् :

### ख १. पार्टी सदस्यताको आवेदन

- योग्यता पुगेका कुनै पनि व्यक्तिले हाम्रो पार्टीको सदस्यता प्राप्त गर्नका लागि अनलाइन आवेदन गर्न सक्नेछन् । तोकिएको ढाँचामा आवेदन गर्दा सिफारिस कर्ताको नाम, सम्पर्क नम्बर र सङ्गठित पार्टी सदस्यता नम्बरसमेत उल्लेख गर्नुपर्ने छ । सिफारिस कर्ताको सङ्गठित पार्टी सदस्यता नम्बरका आधारमा सिस्टमले भेरीफाई गरेपछि आवेदन स्वीकृत हुने व्यवस्था गरिने छ ।
- आवेदकले आफु बसोबास गरेको जिल्ला अन्तर्गतको पालिकामा आवेदन गर्न सक्नेछन् ।
- सदस्यता सम्बन्धी विवरणको पहुँच केन्द्रीय सङ्गठन विभागको सम्पूर्ण सदस्यहरूमा, प्रदेश/विशेष प्रदेश कमिटीको सम्बन्धित प्रदेश अन्तर्गतका सदस्यहरूमा र जिल्ला/विशेष जिल्ला कमिटीको सम्बन्धित जिल्ला अन्तर्गतका सदस्यहरूमा हुनेछ ।
- पार्टी सदस्यता स्थानन्तरण पनि अनलाइन गर्न सकिने व्यवस्था गरिने छ ।

### ख २. पार्टी सदस्यता प्रदान

- योग्यता पुगेका व्यक्तिलाई आवश्यक प्रक्रिया पुरा गरी सदस्यता प्रदान गर्ने निर्णय भए पश्चात अनलाइनको माध्यमबाट आवेदन गर्नेको Approved गरे पश्चात स्वतः रेकर्ड कायम हुनेछ । हार्ड कपिमा आवेदन गर्नेहरूको तोकिएको फर्म्याटमा रेकर्ड राखी सिस्टममा अपलोड गरेपश्चात रेकर्ड कायम हुनेछ ।
- अनलाइनका माध्यमबाट आवेदन शुल्क, सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क भूक्तान गर्ने व्यक्तिको विवरण र प्राप्त रकमको विवरण केन्द्रीय लेखा शाखामा रहने छ र केन्द्रीय लेखाले तोकेबमोजिम रकमको बाँडफाँट गर्ने छ ।

### ख ३. सङ्गठित पार्टी सदस्यताको आवेदन

- योग्यता पुगेका कुनै पनि व्यक्तिले सङ्गठित पार्टी सदस्यता प्राप्त गर्नका लागि अनलाइन आवेदन गर्न सक्नेछन् । तोकिएको ढाँचामा आवेदन गर्दा सिफारिस कर्ताको नाम, सम्पर्क नम्बर र सङ्गठित पार्टी सदस्यता नम्बरसमेत उल्लेख गर्नुपर्ने छ । सिफारिस कर्ताको सङ्गठित पार्टी सदस्यता नम्बरका आधारमा सिस्टमले भेरीफाई गरेपछि आवेदन स्वीकृत हुने व्यवस्था गरिने छ ।
- आवेदकले चाहेको जिल्ला/विशेष जिल्ला कमिटीमा आवेदन गर्न सक्नेछन् ।
- सङ्गठित पार्टी सदस्यता सम्बन्धी विवरणको पहुँच–केन्द्रीय सङ्गठन विभागको सम्पूर्ण सदस्यहरूमा, प्रदेश/विशेष प्रदेश कमिटीको सम्बन्धित प्रदेश अन्तर्गतका सदस्यहरूमा र जिल्ला/विशेष जिल्ला कमिटीको सम्बन्धित जिल्ला अन्तर्गतका सदस्यहरूमा हुने छ ।
- सङ्गठित पार्टी सदस्यता स्थानन्तरण पनि अनलाइनबाट गर्न सकिने व्यवस्था गरिने छ ।

### ख ४. सङ्गठित पार्टी सदस्यता प्रदान

- योग्यता पुगेका व्यक्तिलाई आवश्यक प्रक्रिया पुरा गरी सदस्यता प्रदान गर्ने निर्णय भए पश्चात अनलाइनको माध्यमबाट आवेदन गर्ने व्यक्तिको अधिकार प्राप्त सिस्टम एडमिनिस्टेटरले Approved गरेपश्चात स्वतः रेकर्ड कायम हुनेछ । हार्ड कपिमा आवेदन गर्नेहरूको तोकिएको फर्म्याटमा रेकर्ड राखी सिस्टममा अपलोड गरेपश्चात रेकर्ड कायम हुने छ ।
- सङ्गठित पार्टी सदस्यता प्राप्त गरेको, नवीकरण गर्नुपर्ने मिति र नवीकरण भएपश्चातको विवरण सम्बन्धित व्यक्तिले एस.एम.एस. वा इ-मेलमार्फत जानकारी प्राप्त गर्ने व्यवस्था गरिने छ ।
- अनलाइनका माध्यमबाट सदस्यता आवेदन शुल्क, सङ्गठित सदस्यता शुल्क वा नवीकरण शुल्क भूक्तान गर्ने व्यक्तिको विवरण र प्राप्त रकमको विवरण केन्द्रीय लेखा शाखामा रहने छ र केन्द्रीय लेखाले तोकेबमोजिम रकमको बाँडफाँट गर्ने छ ।

**ख ५. पार्टी कमिटीहरूको अभिलेख**

सिस्टममा निम्न बमोजिमको फर्म्याट अनुसार पालिकासम्मका पार्टी कमिटीहरू र जनवर्गीय, पेशागत तथा मोर्चा सङ्गठनका जिल्ला कमिटीसम्मका कमिटीहरूको विवरण राख्न मिल्ने गरी फिचरको व्यवस्था गर्ने ।

**कमिटी :**.........................................................................................................

| क.सं | नाम थर | पद | सम्पर्क नं. | ई-मेल |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**ख ६. नेतृत्वको व्यक्तिगत विवरण**

सिस्टममा निश्चित ढाँचामा केन्द्रीय कमिटी, केन्द्रीय निकाय, केन्द्रीय परिषद्का पदाधिकारी तथा सदस्यहरूको व्यक्तिगत विवरण राख्न मिल्ने गरी फिचरको व्यवस्था गर्ने ।

**ख ७. कार्य सम्पादन मूल्याङ्कनको ढाँचा**

सिस्टममा निश्चित ढाँचामा कमिटीहरू र व्यक्तिको कार्यसम्पादन मूल्याङ्कन विवरण राख्न मिल्ने गरी फिचरको व्यवस्था गर्ने ।

**ख ८. एस.एम.एस. तथा ई–मेल**

पार्टी सदस्यता तथा सङ्गठन व्यवस्थापन सिस्टममा धेरै मोवाईल नम्बर र इ-मेल ठेगानाहरूमा एकै पटक एस.एम.एस. र इ-मेल गर्न मिल्ने गरि फिचरको व्यवस्था गर्ने ।

**ख ९. डाउनलोड**

पार्टी सदस्यता तथा सङ्गठन व्यवस्थापन सिस्टमबाट सदस्यता आवेदन फाराम, कार्यसम्पादन मूल्याङ्कन फाराम, व्यक्तिगत विवरण फाराम र पार्टीका आधिकारिक समाग्रीहरू डाउनलोड गर्न मिल्ने गरि फिचरको व्यवस्था गर्ने ।

## ३. पार्टी सदस्यता/सङ्गठित पार्टी सदस्यता वितरण सम्बन्धमा

पार्टीका स्थानीय कमिटीहरूले अन्तर पार्टी निर्देशन-२ को ५ (घ) अनुसार **'एक वडा एक सय संगठित सदस्य र एक हजार पार्टी सदस्य'** अभियान सञ्चालन गर्ने तथा ५ (ङ) अनुसार सबै जनसङ्गठन, मोर्चा र पेशागत सङ्गठनहरूले व्यापकरूपमा पार्टी सदस्यता वितरण अभियान माघ मसान्तसम्ममा सञ्चालन गर्ने र फागुन १५ गते भित्र सम्बन्धित प्रदेश कमिटी र मोर्चा सङ्गठन मार्फत सङ्गठित पार्टी सदस्यता तथा पार्टी सदस्यताको विवरण केन्द्रीय सङ्गठन विभागमा पठाउन निर्देशन गरिन्छ । विवरण केन्द्रीय सङ्गठन विभागमा आइसकेपछी सदस्यता नम्बर राखेर पठाइने छ ।

### ४. पार्टी कमिटीहरूको अभिलेख राख्ने सम्बन्धमा

पार्टीका वडातहसम्मका कमिटीहरू रूपान्तरण, गठन र पुनर्गठन गरी त्यसको विवरण माघ मसान्तसम्ममा सम्बन्धित प्रदेश कमिटीमार्फत केन्द्रीय सङ्गठन विभागमा पठाउन मातहतका सबै पार्टी कमिटीहरूलाई निर्देशन गरिन्छ ।

### ५. जनसङ्गठनहरूको अभिलेख राख्ने सम्बन्धमा

जनसङ्गठन, मोर्चा र पेशागत सङ्गठनका जिल्लातहसम्मका कमिटीहरू रूपान्तरण, गठन र पुनर्गठन गरी त्यसको विवरण माघ मसान्तसम्ममा केन्द्रीय मोर्चा सङ्गठन मार्फत केन्द्रीय सङ्गठन विभागमा पठाउन निर्देशन गरिन्छ ।

### ६. सङ्गठनात्मक कामको अभिलेख राख्ने सम्बन्धमा

पार्टी केन्द्रमा पार्टीको सम्पूर्ण सङ्ठनात्मक अभिलेख राख्ने र नियमित रुपमा अध्यावधिक गर्ने निर्णय गरिएको छ । त्यसका लागि पार्टीका सबै कमिटी र जनसङ्गठनहरूले आफ्नो कामको प्रतिवेदन प्रत्येक महिना पार्टी केन्द्रीय सङ्गठन विभागमा पठाउनु आवश्यक छ । त्यसैले स्थानीय कमिटीहरुले महिनाको ५ गते भित्र जिल्ला कमिटीमा, जिल्ला कमिटीले ७ गते भित्र प्रदेश कमिटीमा र प्रदेश कमिटीले १० गते भित्र केन्द्रीय सङ्गठन विभागमा अघिल्लो महिना गरिएका साङ्गठनिक कामका प्रतिवेदन पठाउन निर्देशन गरिन्छ । जनसङ्गठनका कमिटीहरुले पनि त्यसै गरि आ-आफ्नो केन्द्रीय कमिटीमा पठाउनु पर्नेछ र केन्द्रीय कमिटीहरुले मोर्चा मार्फत केन्द्रीय सङ्गठन विभागमा कामका प्रतिवेदन पठाउन निर्देशन गरिन्छ ।

पार्टी केन्द्रबाट प्रदेश, जिल्ला र जनसङ्गठनमा इन्चार्ज तथा सहइन्चार्जको जिम्मेवारीमा रहनु भएका कमरेडहरूलाई आफ्नो कार्यक्षेत्रका मासिक कार्यप्रगति प्रतिवेदन प्रत्येक महिनाको १० गते भित्र केन्द्रीय सङ्गठन विभागमा पठाउन अनुरोधका साथ निर्देशन गरिन्छ ।

### ७. नेतृत्वको व्यक्तिगत विवरण राख्ने सम्बन्धमा

निश्चित ढाँचामा केन्द्रीय कमिटी, केन्द्रीय निकाय, केन्द्रीय परिषद्का पदाधिकारी तथा सदस्यहरू र केन्द्रीय विभागका सदस्यहरूको व्यक्तिगत विवरण केन्द्रीय सङ्गठन विभागमा राख्ने निर्णय गरियो । साथै, प्रदेश कमिटीहरूलाई आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यहरू, प्रदेश निकायका पदाधिकारी तथा सदस्यहरू, प्रदेश विभागका सदस्यहरू र मातहत जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरूको व्यक्तिगत विवरण राख्न लगाउने निर्णय गरिएको छ । सोही बमोजिम नेतृत्वको व्यक्तिगत विवरण राख्न प्रदेश कमिटीहरूलाई निर्देशन गरिन्छ ।

### ८. निर्देशिका तथा आचार संहिता निर्माण सम्बन्धमा

मोर्चा सङ्गठन सञ्चालन, सम्पर्क मञ्च सञ्चालन, प्रवास कमिटी सञ्चालन र आर्थिक व्यवस्थापन सम्बन्धी निर्देशिकाहरू पुस १५ गतेभित्र तयार गर्न सम्बन्धित कमरेडहरूलाई अनुरोध गर्ने र प्राप्त भएपछि अन्तिम रूप दिएर अनुमोदनका लागि सचिवालयमा पठाउने निर्णय गरियो । साथै, निर्देशिकाहरूलाई अन्तिमरूप दिन तथा पार्टी कमिटीहरू र पार्टी सदस्यहरूले तथा जनसङ्गठन, मोर्चा र पेशागत सङ्गठनहरू र तिनका सदस्यहरूले पालना गर्नु पर्ने आचार संहिताको प्रस्ताव तयार गर्न महासचिव तथा

सङ्गठन विभाग प्रमुख कमरेड डा. बेदुराम भुसाल, उपमहासचिव तथा सङ्गठन विभाग उपप्रमुख कमरेड प्रकाश ज्वाला, स्थायी कमिटी सदस्य तथा सङ्गठन विभाग सदस्य कमरेड सावित्रा भुसाल र केन्द्रीय कमिटी सदस्य तथा सङ्गठन विभाग सचिव कमरेड लक्ष्मण के.सी. रहेको कार्यदल गठन गर्ने निर्णय गरियो । आचार संहिताका सम्बन्धमा केही सुझाबहरू भए पाँच दिन भित्र लिखित रुपमा केन्द्रीय सङ्गठन विभागमा पठाउन मातहत कमिटीहरू र सम्पूर्ण कमरेडहरूलाई अनुरोध छ ।

**९. मूल्याङ्कनका मापदण्ड निर्माण सम्बन्धमा**

राजनीतिक पार्टीहरूमा आन्तरिक मूल्याङ्कन गर्ने विधि नभएकोले इमान्दार नेता कार्यकर्ताहरूको योगदानको उचित मूल्याङ्कन हुनसकिरहेको छैन । तसर्थ हाम्रो पार्टीका नेता कार्यकर्ताहरूको योगदानको मूल्याङ्कन गर्न मूल्याङ्कन मापदण्ड बनाउने र हरेक वर्ष कार्यसम्पादन मूल्याङ्कन गरेर त्यसको विवरण राख्ने निर्णय गरियो । मूल्याङ्कन मापदण्ड बनाउन महासचिव तथा सङ्गठन विभाग प्रमुख कमरेड डा. बेदुराम भुसाल, उपमहासचिव तथा सङ्गठन विभाग उपप्रमुख कमरेड प्रकाश ज्वाला, स्थायी कमिटी सदस्य तथा सङ्गठन विभाग सदस्य कमरेड सावित्रा भुसाल र केन्द्रीय कमिटी तथा सङ्गठन विभाग सचिव कमरेड लक्ष्मण के.सी. रहेको कार्यदल गठन गर्ने निर्णय गरियो । कार्यदलले आवश्यक परेका विज्ञहरूको समेत सहयोग लिने छ ।

**कमरेडहरू,**

नेपालको कम्युनिष्ट आन्दोलन पुनः दक्षिणपन्थी अवसरवादी चङ्गुलमा परेको अवस्थाको मनन् गर्दै नेपाली कम्युनिष्ट आन्दोलनको रक्षार्थ हामीले गरेको ऐतिहासिक विद्रोहले सकारात्मक परिणाम दिँदैछ । हाम्रो शक्ति क्रमशः मजबुत हुँदै गैरहेको छ । यसलाई अझै मजबुत बनाउनु छ । कुनै पनि राजनीतिक पार्टीको मूल आधार भनेको सङ्गठित पार्टी कार्यकर्ताको पङ्क्ति र व्यवस्थित एवं क्रियाशिल सङ्गठन हो । तसर्थ, पार्टी निर्णय र निर्देशनहरूको कार्यान्वयन गर्दै पार्टी सदस्यता वितरण एवं नवीकरण र सङ्गठन निर्माणको काममा युद्धस्तरमा लागौं ।

क्रान्तिकारी अभिवादन सहित !

२०७८/०९/०५

डा. बेदुराम भुसाल
महासचिव तथा
प्रमुख, केन्द्रीय सङ्गठन विभाग